“आधारभुत तथा माद्यमिक शिक्षा ऐन २०७५”

आठराई गाँउपालिका, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

लागु मिति :-२०७५/०२/०१

आठराई गाँउपालिका, तेह्रथुम

“आधारभुत तथा माद्यमिक शिक्षा ऐन २०७५”

आठराई गाँउपालिका, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

लागु मिति :-२०७५/०२/०१

प्रस्तावना: नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न यस गाँउपालिका तथा गाँउपालिका भीत्रका सम्पुर्ण शैक्षिक सस्थाहरुमा हुने शैक्षिक गतिविधिहरुको दिगो विकासका लागि सबै बालबालिका र यूवाहरुको उच्च गुणस्तरीय र जीवन उपयोगी सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्बसाधरण जनतालाई सर्बसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतनत्रात्मक ब्यबस्था अनुकूल आमजनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस गाँउपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भै रहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न बान्छनीय भएकोले,

“नेपालको संविधानको धारा २२१, २२६ को १ तथा अनुसूची ८ मा भएका स्थानिय तहको अधिकारको सूची नं. ८” र “स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज)” बमोजिम आठराई गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

(१) संक्षिप्त नाम, बिस्तार र प्रारमभ :-

१, यस ऐनको नाम “आधारभुत तथा माद्यमिक शिक्षा ऐन २०७५” रहेको छ ।

२, यो ऐन आठराई गाँउपालिका भर लागु हुनेछ ।

३, यो ऐन तुरुन्त लागु हुनेछ ।

(२) परिभाषा :- बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “आधारभुत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(ग) “गाँउपालिका” भन्नाले आठराई गाँउपालिका सम्झनु पर्छ ।

(घ) “गाँउसभा” भन्नाले आठराई गाँउपालिकाको गाँउ सभालाई सम्झनु पर्छ ।

(ङ) “बिद्यालय शिक्षा” भन्नाले आधारभुत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ ।

(च) “बिशेष शिक्षा” भन्नाले दृष्टिबिहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) “प्राविधिक तथा ब्यबसायिक शिक्षा” भन्नाले प्राबिधिक ज्ञान र सीप भएको बिषयबस्तुको सिकाइ गरी प्रबिधि र ब्यबसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्याप गराईने शिक्षालाई सम्झनु पर्छ ।

(ज) “सामुदायिक बिद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ ।

(झ) “संस्थागत विद्यालय” भन्नाले निजी तवरबाट स्थापना भई नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) “भाषा शिक्षा” भन्नाले नेपालको भौगोलिक एवम जातिय विविध विषेषता अनुरुप वोलिने विभिन्न मातृभाषा र विदेशी भाषामा अध्ययन अध्यापन गरिने शिक्षालाई सम्झनु पर्दछ ।

(ट) “बिद्यालय कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) "बालबालिका" भन्नाले १६ बर्ष उमेर पूरा नगरेका ब्यक्तिलाई संझनु पर्छ ।

(ड) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको ब्यहोरा सम्झनु पर्छ ।

(ढ) अनुमति भन्नाले नेपाल सरकार वा यस गाँउपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ण) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाँउ पालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(त) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाँउपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै ब्यक्तिले नाफा रहित उद्देश्यले स्थापना गरेको सार्बजनिक वा निजी गुठी सम्झनु पर्दछ ।

(द) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार बर्ष मुनिका बालबालिकाहरुलाई दिईने १ बर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्ट भिसा (डि. भि.), परमानेण्ट रेजिडेण्ट भिसा (पी. आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(न) "गाँउ शिक्षा समिति " भन्नाले दफा ९ अनुसारको गाँउ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(प) "वडा शिक्षा समिति " भन्नाले दफा २१ अनुसारको वडा शिक्षा समितिलाई सम्झनु पर्छ ।

(फ) "विद्यालय व्यवस्थापन समिति " भन्नाले दफा १९ अनुसारको समितिलाई सम्झनु पर्छ ।

(३) विद्यालय खोल्न अनुमति लिनु पर्ने :-

१, कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको बिबरण खुलाई गाँउपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

२, उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा गाँउपालिकाले अनुमति दिनेछ ।

३, उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा गाँउपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

४, यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५, उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आबश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

६, उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाउने छैन ।

(क) सरकारी वा सार्बजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्बजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै ब्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातब्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

७, यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्टि) संगठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टिमा सार्बजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनु पर्ने ।

(ग) शैक्षिक गुठीको आय ब्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीमा तत्काल कायम रहेका ट्रष्टिले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्बजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाँउपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

८, कुनै व्यक्ति, संस्था वा समुदायले नेपालको भौगोलिक एवम जातिय विविध विषेषता अनुरुप वोलिने विभिन्न मातृभाषा र विदेशी भाषामा अध्ययन अध्यापन गर्ने गराउने उदेस्यले कुनै पनि भाषा कक्षा सञ्चालन गर्न सक्नेछ तर यस्तो भाषा कक्षा सञ्चालनका लागी तोकिएको अधिकारी वा निकायको पुर्व स्वीकृती लिनु पर्नेछ । यसरी स्वीकृती प्रदान गर्दा एकै कार्यक्षेत्रमा पर्ने गरि एक भन्दा वडी स्वीकृती प्रदान गर्न पाइने छैन तर विविध कारणवस स्वीकृती प्रदान गर्नु परेमा स्पष्ट कारण खुलाई प्रथम पल्ट स्वीकृत प्राप्त संस्था, व्यक्ति वा समुदायको सहमती लिनु पर्नेछ ।

९,सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा रहित उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्बजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

१०, उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त र अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

११, माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बिदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन बाधा पर्ने छैन । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै समयमा बन्द गर्न सक्नेछ ।

११, विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) परीक्षाको सञ्चालन :-

विद्यालयमा बिभिन्न तहको शिक्षा उतीर्ण तथा योग्यताका लागि परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ

(५) माध्यमिक शिक्षाको प्रकार :- माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिम हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राबिधिक तथा ब्यबसायिक माध्यमिक शिक्षा

(६) बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी ब्यबस्था :- गाँउपालिकाले आबश्यक पूर्वाधारको ब्यबस्था गरी बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको ब्यबस्था गर्न सक्नेछ ।

(७) शिक्षाको माध्यम :-

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अबस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभुत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिबार्य नेपाली बिषयको सट्टा अन्य कुनै भाषाको बिषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा बिषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिबार्य अंग्रेजी बिषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

(८) विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :- विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड नघट्ने गरी सिकाइको उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले तोकिएको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनको लागि गाँउपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

(९) गाँउ शिक्षा समिति :-

(१) गाँउपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागी देहाय वमोजिमको एक गाँउ शिक्षा समिति रहनेछ :

(क) गाँउ कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -अध्यक्ष

(ख) गाँउ कार्यपालिकाको उपाध्यक्ष वा निजले तोकेको प्रतिनिधी -सदस्य

(ग) गाँउ कार्यपालिकाको शिक्षा हेर्ने विषयगत संयोजक - सदस्य

(घ) गाँउ कार्यपालिकाले तोकेको गाँउ सभाका महिला सदस्यहरु मध्येबाट १ जना - सदस्य

(ङ) सम्वन्धित गाँउपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट गाँउ शिक्षा समितिबाट मनोनित गरेको एक/एक जना गरी २ जना - सदस्य

(च) सम्वन्धित गाँउपालिका क्षेत्र भित्र रहेका विद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट गाँउ शिक्षा शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(छ) गाँउ शिक्षक महासंघको अध्यक्ष -सदस्य

(ज) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येवाट गाँउपालिका अध्यक्षद्धारा मनोनित दलित वा अल्पसंख्यक मध्येबाट १ जना -सदस्य

(झ) बिद्यालय निरीक्षक वा गाँउपालिका भित्रका स्रोत ब्यक्तिहरु मध्ये अध्यक्षले तोकेको १ जना -सदस्य

(ञ) गाँउपालिका भीत्रका सम्पुर्ण सामुदाइक विद्यालयहरुमा कार्यरत गाँउपालिका अध्यक्षद्धारा मनोनित एक जना महिला शिक्षिका -सदस्य

(ट) शिक्षा अधिकृत -सदस्य सचिव

(२) शिक्षा समितिका पदेन सदस्यहरु बाहेक मनोनित सदस्यहरुको कार्यकाल तीन (३) बर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अगाडि मनासिव स्पष्टिकरणको मौकाबाट बन्चित गरिने छैन ।

(४) गाँउ शिक्षा समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो गाँउपालिका क्षेत्रभित्रको शिक्षा सम्बन्धि कार्ययोजना तयार गर्ने ।

(ख) आफ्नो कार्यक्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने र गाभ्ने सम्बन्धी गाँउपालिकालाई आबश्यक राय सल्लाह प्रदान गर्ने ।

(ग) गाँउपालिका क्षेत्रभित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आबश्यक श्रोतको खोजी गर्ने ।

(घ) गाँउपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) गाँउपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो श्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुबिधा र सर्तहरुको स्वीकृत गर्न सक्ने ।

(छ) विद्यालय ब्यबस्थापन समितिहरुलाई आबश्यक निर्देशन दिई जागरुक र सजग गराउने ।

(ज) विद्यालयको लागि आबश्यक साधन श्रोत जुटाउने र त्यसको परिचालन गर्ने गराउने ।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षक बीच कुनै बिबाद भएमा सोको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आबश्यक सुचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गराउने ।

(ठ) सामुदायिक विद्यालयहरुका शिक्षक तथा कर्मचारी ब्यबस्थापनका लागि नियुक्ति, सरुवा, पदस्थापन, काज र दरबन्दी मिलान गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आबश्यक पुरस्कार, नसियत दण्ड सजाँयको ब्यबस्था गरी कार्यान्वयन गर्ने गराउने ।

(त) बिषय बिशेषज्ञहरुको छनौंट गरेर सोको सूची प्रकाशन गर्ने ।

(थ) अन्य तोकिए बमोजिमका आबश्यक कार्यहरु गर्ने ।

(५) स्थानीय शिक्षा अधिकारी :-

(क) गाँउपालिकामा कार्यरत स्थानीय शिक्षा अधिकारी गाँउ शिक्षा समितिको सदस्य सचिवको भुमिकामा रहनेछ ।

(ख) स्थानीय शिक्षा अधिकारीको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१०) गाँउ शिक्षा अनुगमन समिति :-

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ ।

(क) गाँउपालिकाको अध्यक्ष	अध्यक्ष
(ख) गाँउसभाका सदस्यहरु मध्येबाट शिक्षा संयोजक	सदस्य
(ग) गाँउ शिक्षा समितिले मनोनित गरेको सामुदायिक विद्यालयको शिक्षक एकजना	सदस्य
(घ) गाँउशिक्षा समितिले तोकेको लेखापालन सम्बन्धी ज्ञान भएका ब्यक्ति मध्ये एकजना	-सदस्य
(ङ) शिक्षक महासंघ गाँउपालिकाका प्रमुख	सदस्य
(च) अनुगमन समितिले मनोनयन गरेको बरिष्ठ शिक्षक एकजन	सदस्य
(छ) विद्यालय निरीक्षक/श्रोत ब्यक्ति	सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(११) घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने :-

गाँउपालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याहरुको पहिचान गरी तोकिए बमोजिमको घुम्ति विद्यालयहरु सञ्चालन गर्न सक्नेछ ।

(१२) सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :- गाँउपालिकाले समुदायमा साक्षरता, सीप विकास निरन्तर सिकाई समेतको काम गर्न देहाय बमोजिमको ब्यबस्थापन समिति रहनेछ :

(१) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको वडा अध्यक्ष	अध्यक्ष
(२) सामुदायिक सिकाइ केन्द्र रहेको वडा समितिको सिफारिसमा महिला वा दलित वडा सदस्य १ जना	सदस्य
(३) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक	सदस्य
(४) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधीहरु मध्येबाट गाँउ पालिकाले मनोनित एकजना	सदस्य
(५) सम्बन्धित स्रोतकेन्द्रको स्रोतब्यक्ति	सदस्य
(६) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक	सदस्य
(७) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रको परिचालिका	सदस्य सचिव

(१३) सामुदायिक सिकाई केन्द्र अनुगमन तथा मूल्याङ्कन समिति देहाय बमोजिम हुनेछ :-

(१) गाँउपालिका अध्यक्ष	अध्यक्ष
(२) गाँउपालिका उपाध्यक्ष	सदस्य

(३) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक सदस्य

(४) गाँउशिक्षा समितिबाट मनोनित दलित महिला एकजना सदस्य

(५) अनौपचारिक शिक्षा अभियान सञ्चालनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि मध्येबाट समितिले छनौट गरेको एकजना सदस्य

(६) सम्बन्धित स्रोतव्यक्ति सदस्य

(७) गाँउपालिकामा कार्यरत शिक्षा शाखाको अनौपचारिक शिक्षा हेर्ने अधिकारी सदस्य सचिव

समितिको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१४) स्थानीय अध्यापन अनुमति पत्र लिनु पर्ने :- विद्यालयले सामुदायिक श्रोतबाट करारमा नियुक्ति गर्न गाँउपालिकाले ब्यबस्था गरे बमोजिम स्थानीय अध्यापन अनुमति पत्र लिएर मात्र उम्मेद्वार हुन योग्य हुनेछन् तर नेपाल सरकारबाट अध्यापन अनुमति पत्र प्राप्त उम्मेद्वारहरुलाई यो दफा लागु हुने छैन ।

(१५) अनुदानको ब्यबस्था :-

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रका आधारमा गाँउपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(१६) छात्रबृतिको ब्यबस्था गर्न सक्ने :- गाँउपालिकाले विद्यालयमा भर्ना हुने बिद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रबृतिको ब्यबस्था गर्न सक्नेछ ।

(१७) प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :- गाँउपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

(१८) प्रारम्भिक बाल शिक्षा सम्बन्धी ब्यबस्था :- प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा ब्यबस्थापन सम्बन्धी ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(१९) विद्यालय ब्यबस्थापन समिति :-

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकले आफूमध्येबाटछानिपठाएका २ जना महिला सहित ४ जना -सदस्य

(ख) विद्यालय रहेको नगर पालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट गाँउ शिक्षा समितिले मनोनयन गरेको सदस्य १ जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका १ जना महिला सहित २ जना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको १ जना -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाँउपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका १ जना गाँउ शिक्षा समितिले मनोनयन गरेको प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मकालागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा ५० प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा १ जना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको कार्यअवधि ३ वर्षको हुनेछ । तर हाल म्याद पूरा नभएको व्यवस्थापन समितिले पूरा अबधि काम गर्ने बाधा पर्ने छैन ।

(८) ब्यबस्थापन समितिको म्याद समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ ब्यबस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्नेछ । गठन हुन नसकेमा गाँउ शिक्षा समितिले अस्थायी समिति गठन गर्न सक्नेछ ।

(९) ब्यबस्थापन समिति गठन सम्बनधी अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(१०) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र ब्यबस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय ब्यबस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाँउ शिक्षा समितिबाट मनोनित भएका ब्यक्ति- अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय ब्यबस्थापन समितिले मनोनित गरेको एकजना- सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट गाँउशिक्षा समितिले मनोनित गरेको एकजना- सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक / श्रोतब्यक्ति- सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना- सदस्य

(च) सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट समितिको सिफारिसमा गाँउ शिक्षा समितिले मनोनयन गरेको एकजना- सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(११) मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन (३) बर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाँउ शिक्षा समितिले निजलाई जुन सुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनुअगाडी वा समिति बिगठन हुनु अगाडि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१२) सामुदायिक विद्यालयको विद्यालय ब्यबस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगनउने र सोको सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जनाकारी गाँउपालिकालाई गराउने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक, वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयको ब्यबस्थापकीय पक्षलाई ब्यबस्थित गर्ने गराउने ।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका, करारमा नियुक्ति भएका र सरुवा भएका शिक्षकहरुलाई हाजिरी गराउने तथा रमानाको ब्यबस्था गर्ने ।

(ज) गाँउ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखापरीक्षकको प्रतिवेदन गाँउ शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित गाँउपालिका र गाँउ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ट) तोकिए बमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीलाई बिभागीय कारबाही गर्ने ।

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च ब्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुबिधाको ब्यबस्था गर्ने ।

(१३) संस्थागत विद्यालयको विद्यालय ब्यबस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र श्रोतको परिचालन ।

(ख) विद्यालयको लागि आबश्यक भौतिक साधनको ब्यबस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयले नेपाल सरकारबाट तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिबार्य रुपमा लागु गर्ने ।

(ङ) अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पूरा गरेका ब्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(छ) नेपाल सरकारले तोकेको न्युनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने ।

(ज) अनुशासनहीन शिक्षकहरु उपर कनूनी कारबाही गर्ने ।

(झ) शिक्षा ऐन र नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित ब्यबस्थाका अतिरिक्त गाँउ पालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नियम, नीति तथा निर्देशनहरुको पालना गर्ने ।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र ब्यबस्थापन सम्बन्धि ब्यबस्था तोकिएबमोजिम हुनेछ ।

(१४) विद्यालय ब्यबस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

(२०) विद्यालय ब्यबस्थापन समिति बिगठन गर्न सकिने :-

(१) कुनै विद्यालयको ब्यबस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा गाँउ शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाई गाँउपालिकाले त्यस्तो विद्यालय ब्यबस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई बिगठन गर्न सक्नेछ तर त्यसरी बिगठन गर्नु अघि विद्यालय ब्यबस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय ब्यबस्थापन समिति बिगठन भएपछि अर्को विद्यालय ब्यबस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय ब्यबस्थापन समिति गठन नभएसम्म समितिको काम गर्न गाँउपालिकाले एक अस्थायी विद्यालय ब्यबस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) यो ऐन तथा ऐन बमोजिमको नियमावली जारी भएपछि म्याद समाप्त भएका विद्यालयहरुले बढीमा एक महिनाभित्र यस ऐन बमोजिम विद्यालय ब्यबस्थापन समिति गठन गरी सक्नु पर्नेछ । उक्त ब्यबस्थापन समिति गठनको निम्ति देहाय बमोजिमको "विद्यालय ब्यबस्थापन समिति गठन सहयोग समिति" गठन हुनेछ :

(क) गाँउपालिकाको स्थानीय शिक्षा अधिकारी वा निजले तोकेको ब्यक्ति	संयोजक
(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक	सदस्य
(ग) सम्बन्धित क्षेत्रको श्रोतब्यक्ति	सदस्य
(घ) समबन्धित विद्यालयको प्रधानाध्यापक	सदस्य

(२१) वडा शिक्षा समिति :-

(१) गाँउपालिकाको वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :-

(क) सम्बन्धित वडा समितिको अध्यक्ष	अध्यक्ष
(ख) वडा समितिका सदस्यहरु मध्येबाट समितिको बैठकले तोकेको एक जना	सदस्य
(ग) वडा भित्रको अगुवा विद्यालयको प्रधानाध्यापक	सदस्य
(घ) गाँउ कार्यपालिकाका सदस्यहरु मध्येबाट गाँउपालिकाले मनोनित गरेको एकजना	सदस्य

(ङ) वडाभित्रका शिक्षा प्रेमीहरु मध्येबाट गाँउ शिक्षा समितिले तोकेको एक जना महिला समेत दुई जना सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

वडा शिक्षा समितिको बैठकमा विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई आमन्त्रण गर्नु पर्नेछ ।

(२) वडा शिक्षा समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२२) गाँउ शिक्षा विकास कोष :-

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि गाँउपालिका स्तरमा एक गाँउ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकमहरु रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

(ग) गाँउपालिकाबाट प्राप्त अनुदान रकम ।

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको बार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम ।

(ङ) चन्दाबाट प्राप्त रकम ।

(च) शुल्क तथा अन्य श्रोतबाट प्राप्त रकम ।

(२३) कोषको सञ्चालक समिति :-

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालक समितिको काम, कर्तब्य र अधिकार तथा बैठक सम्बन्धी कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

(२४) विद्यालय कोष :-

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमको श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाँउपालिकाबाट प्रापत रकम ।

(ख) गाँउपालिका शिक्षा कोषबाट प्राप्त रकम ।

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम ।

(घ) चन्दा वा दानदातब्यबाट प्राप्त रकम ।

(ङ) अन्य कोषबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

(२५) गाँउपालिकाबाट निर्देशन दिन सक्ने :-

(१) गाँउपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आबस्यक निर्देशनहरु विद्यालय ब्यबस्थापन समितिलाई दिन सकनेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय ब्यबस्थापन समितिको कर्तब्य हुनेछ ।

(२६) गाँउपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिबर्तन गर्न वा बन्द गर्न सक्ने :-

गाँउपालिकाले हाल सञ्चालन भईरहेका ३० मिनेटको हिडाई दूरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिबर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(२७) विद्यालयको सम्पत्ति :-

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले

अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाँउपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

कुनै विद्यलाय सार्बजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिबर्तन गर्न पाईने छैन ।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कनै व्यक्ति वा संघ संस्थासँग दान दातब्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको विना स्वीकृति बेचबिखन गर्न पाईने छैन ।

(२८) विद्यालयलाई छुट र सुबिधा :-

(१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट र सुबिधा तोकिए बमोजिम हुनेछ ।

(२९) अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :-

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३०) विद्यालयको बर्गीकरण :- विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ ।

(३१) विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने :-

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३२) छात्रामैत्री वातावरण ब्यबस्थापनमा सञ्चालन :-

गाँउपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा छात्रामैत्री वातावरण निर्माणका लागि देहाय बमोजिम माध्यमिक विद्यालय स्तरीय छात्रामैत्री संयोजन समिति रहनेछ :-

(१) गाँउपालिकाको उपाध्यक्ष — संयोजक

(२) सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनौट गरेको लैगिक सम्पर्क बिन्दु शिक्षक मध्ये गाँउपालिकाबाट मनोनित एकजना — सदस्य

(३) संस्थागत माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनौट गरेको सम्पर्क शिक्षक मध्ये गाँउपालिकाबाट मनोनित एकजना — सदस्य

(४) गाँउपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापकहरु मध्येबाट गाँउपालिकाले मनोनित गरेको एकजना — सदस्य

(५) गाँउपालिका स्थित महिलाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुबाट मनोनित एकजना, — सदस्य

(६) गाँउपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य संस्थाका महिला प्रतिनिधि गाँउपालिकाबाट मनोनित एकजना — सदस्य

(७) गाँउपालिका स्थित स्रोतकेन्द्रको स्रोतब्यक्ति सदस्य

(८) गाँउपालिका भित्रका विद्यालय ब्यबस्थापन समितिका अधयक्षहरु मध्येबाट गाँउपालिकाले मनोनित गरेको एकजना सदसय

(ढ) गाँउपालिकाको शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारी मध्ये मनोनित एकजना- सदस्य सचि

(३३) विद्यालयको सामाजिक लेखा परीक्षण समिति :-

सामुदायिक विद्यालयको काम कारवाही शिक्षा ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक बर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक सामाजिक लेखा परीक्षण समिति रहनेछ ।

(१) शिक्षक अभिभावक संघको अध्यक्ष संयोजक

(२) अध्ययनरत बिद्यार्थीका अभिभावकहरु मध्येबाट एकजना महिला अनिबार्य पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको दुईजना सदस्य

(३) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासमितिको एकजना सदस्य

(४) सम्बन्धित वडा समितिले तोकेको लेखा बिशेषज्ञ एकजना सदस्य

(५) सम्बन्धित विद्यालयको बालक्लबको अध्यक्ष सदस्य

(६) प्रधानाधयापकले तोकेको विद्यालयको शिक्षक सदस्य सचिव

(३४) बिद्यालयमा शैक्षिक सुधारका लागि तोकिए बमोजिमको एक शिक्षक अभिभावक संघ गठन गरिने छ ।

(३५) शुल्क सम्बन्धि ब्यबस्था :-

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले बिद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभुत तहसम्मको शिक्षा अनिबार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाँउपालिकाले आबश्यक श्रोतको ब्यबस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने बिद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले बिद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयले अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयबाट उपलब्ध गराएको सुबिधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन बिपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(३६) शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य ब्यबस्था :-

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायको अबस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको ब्यबस्थापन समितिले पदबाट हटाउन गाँउपालिकामा सिफारिस गर्नेछ :-

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा ,

(ख) बिना सुचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाँय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै ब्यबसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा वा खुलेआम कुनै राजनैतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा वकालत गरेको प्रमाणित भएमा ,

(छ) शिक्षक वा कर्मचारीले बयबसायिक हकहितका नाममा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिबिधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाँउपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफिको स्पष्टीकरणको मौका भने प्रदान गरिनेछ ।

स्पष्टिकरण :- यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनैतिक दलको बिधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

(३७) स्थायी आवासीय अनुमति लिन नहुने :-

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

(३८) शैक्षिक योग्यता :-

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

(३९) शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :- गाँउपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र बिषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(४०) शिक्षकलाई अन्य काममा लगाउन नहुने :-

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण, निर्बाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाँउपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

(४१) अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :-

(१) दफा ३३ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाईएको वा बर्खास्त भएका शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि समेत पाउनेछ ।

(४२) शिक्षकको नियुक्ति र सरुवा :-

(१) गाँउपालिका भित्रका विद्यालयहरुको रिक्त शिक्षक तथा कर्मचारीको पदपूर्ति गाँउपालिकाले गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एक शिक्षक तथा कर्मचारी छनौट समितिको गठन गरिनेछ ।

(क) सम्बन्धित विद्यालयको ब्यबस्थापन समितिको अध्यक्ष	अध्यक्ष
(ख) गाँउपालिकाले तोकेको शिक्षा हेर्ने अधिकृत मध्ये एकजना	सदस्य
(ग) गाँउपालिकाले तोकेको सम्बन्धित तहको बिशेषज्ञ २ जना	सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

(३) तर उपदफा (२) को (घ) को सन्दर्भमा त्यस्तो बिषय बिशेषज्ञ गाँउपालिकाले नतोकेसम्म जिल्ला शिक्षा कार्यालयले तोकेको ब्यक्तिलाई नियुक्त गर्न वा जिम्मेवारी दिन बाधा पुगेको मानिने छैन ।

(४) गाँउपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा गाँउ शिक्षा समितिले गर्नेछ ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(४३) शिक्षकको दरबन्दी मिलान :-

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाँउपालिकाले तोकिएको प्रक्रिया पूरा गरी सार्न सक्नेछ ।

(४४) संस्थागत विद्यालयले छात्रबृत्ति उपलब्ध गराउनु पर्ने :-

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपांगता भएकाहरु, महिला, दलित वा जनजाति र अल्पसंख्यक विद्यार्थीलाई छात्रबृत्ती उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रबृत्तीको लागि विद्यार्थी छनौंट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाँउपालिकाको प्रतिनिधि र विद्यालय ब्यबस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रबृत्ती छनौंट समिति रहनेछ ।

(३) समितिले छनौंटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी सो विद्यालय ब्यबस्थापन समितिबाट स्वीकृत गराई सार्बजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रबृत्तीको लागि छनौंटको नतिजा आधार सहित सार्बजनिक गर्नु पर्नेछ ।

(४५) तलब भत्ता नपाउने तथा सेवा अबधि गणना नहुने अबस्था :-

दफा ३८ मा उल्लेखित अबस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन ।

(४६) प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धि ब्यबस्था :-

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाँउपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको शर्त र सुबिधा सम्बन्धि ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(४७) शिक्षक तथा कर्मचारीले पाउने विदा तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(४८) अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धि प्रकृया तोकिए बमोजमि हुनेछ ।

(४९) आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षाको सञ्चालन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५०) विद्यार्थीलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्ब्यबहार गर्न नहुने :-

(१) कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत कुनै पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्ब्यबहार गर्न पाईने छैन ।

(५१) शैक्षिक परामर्श सेवा बिदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :-

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा ब्रिज कोर्स भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धित ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

(५२) गाँउपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयले बालमैत्री आचार संहिताको पालना गर्नु पर्ने :-

गाँउपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र शुरु भएको १५ दिन भित्र बालमैत्री आचार संहिता निर्माण गरी विद्यालय व्यबस्थापन समितिबाट निर्णय गराई गाँउ शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ सो आचार संहितामा आवश्यक्तानुसार गाँउ शिक्षा समितिले थपघट गरी निर्णय गराई सम्बन्धित विद्यालयमा पालना गर्न निर्देशन जारी गर्नेछ ।

(५३) प्रगति बिबरण बुझाउनु पर्ने :-

संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमको बिबरण सहित प्रगति प्रतिबेदन गाँउपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

(५४) दण्ड सजाय :-

(१) कसैले विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो ब्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले हिनामिना गरेको बिगो असुल उपर गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो ब्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ ।

(क) प्रश्न पत्रको गोपनियता भंग गरेमा ,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारी पूर्वक कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको विना स्वीकृति प्रबेश गर्न प्रयत्न गरेमा वा प्रबेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित काम गरेमा ,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपदान वा अन्य कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्ब तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अन्य कुनै कानून बिपरीतको कार्य गरे गराएमा ।

(३) देहायका अबस्थामा निजी श्रोतका शिक्षक बाहेक अन्य दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी गाँउपालिकाको अध्यक्षको निर्देशनमा गाँउ शिक्षा अधिकारी ले गाँउपालिकाको क्षेत्र भरी सरुवा गर्न सक्नेछ ।

(क) विद्यार्थीहरुबाट कुनै शिक्षक उपर ब्यापक गुनासो आएमा,

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय ब्यबस्थापन समितिले गरेमा ,

(ग) शिक्षकको बानी ब्यबहार, आचरण तथा नैतिक पतन देखिने क्रियाकलाप सम्बन्धि बिबाद सिर्जना भएमा ,

(घ) शिक्षकले विद्यालय समयमा मद्यपान गरी आएमा वा विद्यालय परिसरमा धुम्रपान गरेमा,

(४) कुनै शिक्षक बिना सूचना विद्यालयमा अनुपस्थित भएमा वा बिदा स्वीकृत नगराई बिदा बसेमा उक्त अबधिको तलब कट्टा गरी राजस्वमा दाखिला गरिनेछ , सो अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

(५५) पुनरावेदन :-

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ

(५६) नियम बनाउने अधिकार :-

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाँउपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाँउ कार्यपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(५७) संक्रमणकालिन ब्यबस्था :-

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी ब्यबस्था गरेको काम नियमावली नआउँदासम्म गाँउपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा बिज्ञापन गर्ने अनुमति गाँउपालिकाले दिन सक्नेछ ।

(५८) बाधा अड्काउ फुकाउने अधिकार :-

यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाँउपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐनमा उल्लेख भए सरह मानिनेछ ।

(५९) बचाउ र लागु नहुने :-

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ती हिनामिना गरेको कसुरमा भ्रष्टचार निबारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले दिईदै आएको सुबिधामा कुनै किसिमको कटौती गरिने छैन तर यो ब्यबस्थाले कानून बमोजिम दण्ड सजाँय, र कारवाही गर्न बाधा पर्ने छैन ।

(५) संविानको धारा २२६ को उपधारा २ बमोजिम प्रदेश कानुनसँग बाझिएमा, बाझिएको हदसम्म सोही प्रदेश कानुन बमोजिम हुनेछ